नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

# वातावरण संरक्षण पुरस्कारका लागि आवेदन माग सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।११।१२)

यस मन्त्रालयले विश्व वातावरण दिवस, २०२० को अवसरमा नेपालको वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा योगदान पुऱ्याउने संघ/संस्था/व्यक्ति/समुदायलाई विभिन्न पाँच विधा (**वातावरण संरक्षण पुरस्कार, वातावरण संरक्षणमा महिला पुरस्कार, वातावरण मैत्री उद्योग पुरस्कार, उत्कृष्ट वातावरण पत्रकार पुरस्कार, जलवायु परिवर्तन व्यवस्थापन पुरस्कार**) मा वातावरण संरक्षण पुरस्कार एवम् कदरपत्र प्रदान गर्ने कार्यक्रम रहेकोले वातावरण संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा काम गरिरहेका संघ/संस्था/ व्यक्ति/समुदायले आफुले गरेको विशिष्ट कार्यहरुको विवरण तथा आवश्यक कागजात सहित सम्बन्धित निकायको सिफारिस भए सो समेत संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस मन्त्रालयमा पुग्ने गरी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारी तथा सम्बन्धित विधाको निवेदनको ढाँचाको लागि यस मन्त्रालयको website: www.mofe.gov.np मा हेर्नुहुन वा यस मन्त्रालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।

नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

सिंहदरवार, काठमाडौं

### वातावरण संरक्षण पुरस्कारका लागि आवेदन माग सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०७६।११।१२)**

यस मन्त्रालयले विश्व वातावरण दिवस २०२० को अवसरमा नेपालको वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा योगदान पुऱ्याउने संघ/संस्था/व्यक्ति/समुदायलाई वातावरण संरक्षण पुरस्कार एवम् कदरपत्र प्रदान गर्ने कार्यक्रम रहेकोले वातावरण संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा काम गरिरहेका संघ/संस्था/व्यक्ति/समुदायलेआफुले गरेको विशिष्ट कार्यहरुको विवरण तथा आवश्यक कागजात सहित सम्बन्धित निकायको सिफारिस भए सो समेत संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस मन्त्रालयमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | पुरस्कार | आवश्यक योग्यता |
|---|---|---|
| १ | वातावरण संरक्षण पुरस्कार | कम्तीमा पाँच बर्षसम्म (१) वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण (२) फोहरमैलाको व्यवस्थापन (३) वन जंगलको दिगो व्यवस्थापन (४) वातावरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम (५) वातावरणमैत्री प्रविधिको विकास (६) जैविक विविधताको संरक्षण (७) वातावरण संरक्षण तथा प्रवर्द्धन सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रकाशनमध्ये कुनै क्षेत्रमा काम गरेकोसंघ/संस्था/व्यक्ति/समुदायले सो सम्बन्धी कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ। |
| २ | वातावरण संरक्षणमा महिला पुरस्कार | कम्तीमा पाँच बर्ष देखि (१) वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण (२) फोहरमैलाको व्यवस्थापन (३) वन जंगलको दिगो व्यवस्थापन (४) वातावरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम (५) वातावरणमैत्री प्रविधिको विकास (६) जैविक विविधताको संरक्षण (७) वातावरण संरक्षण तथा प्रवर्द्धन सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रकाशन मध्ये कुनै क्षेत्रमा काम गरेको महिला एवं महिला समुहद्धारा संचालित संघसंस्थाले सो सम्बन्धी कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ। |
| ३ | वातावरण मैत्री उद्योग पुरस्कार | वातावरणमैत्री प्रविधि र व्यवस्थापनको उपयोग गरी वातावरण संरक्षणमा कम्तीमा पाँच बर्षदेखि योगदान पुऱ्याउँदै आएका उद्योगहरुले उद्योग दर्ताको प्रमाणपत्र (अद्यावधिक नविकरण सहित)(२) ISO 14001 प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि र सोको कार्यान्वयन स्थिति सम्बन्धी विवरण(३) वातावरणमा पर्ने/परेका असरहरु न्यूनीकरण गर्न अबलम्बन गरिएका विधिहरु (४) वातावरणीय पक्षको अनुगमनको अभिलेख र परीक्षण प्रतिवेदनको प्रमाणित विवरण(५) सामाजिक उत्तरदायित्व ( वातावरण तथा अन्य क्षेत्रसंग सम्बन्धित ) सम्बन्धी कागजात(६) स्थानीय तह वा वातावरण विभागको सिफारिस(७)उद्योग संचालन भएको मिति सम्बन्धी उद्योगको पत्र(८) रोजगारी संख्या सम्बन्धमा सम्बन्धित श्रम कार्यालयको सिफारिस पत्र, र (९) पछिल्लो ५ वर्षको अवधिमा वातावरण संरक्षण ऐन,२०५३ तथा नियमावली,२०५४ बमोजिम दण्ड/जरिवाना नगरिएको स्वघोषणा पत्रसंलग्न गरीनिवेदन दिनुपर्नेछ। |
| ४ | उत्कृष्ट वातावरण पत्रकार पुरस्कार | कम्तीमा पाँच वर्षदेखि वन, जैविक विविधता तथा वातावरण पत्रकारिताको क्षेत्रमा (विद्युतीय वा छापा संचार माध्यम) कार्यरत पत्रकारले (१) सूचना विभागद्वारा जारी परिचयपत्रको प्रमाणित प्रतिलिपि वा कानून वमोजिम दर्ता भएको पत्रकारिता सम्बन्धि संस्थाको सदस्यताको प्रतिलिपी,(२) विभिन्न समयमा विद्युतीय वा छापा संचार माध्यममा वन, जैविक विविधता, वातावरण र जलवायु परिवर्तन सम्बन्धी प्रकाशित वा प्रसारण भएका समाचार, लेख, रचनाको प्रतिलिपी, र (३) नेपाल पत्रकार महासंघको सिफारिस संलग्न गरीनिवेदन दिनुपर्नेछ। |
| ५ | जलवायु परिवर्तन व्यवस्थापन पुरस्कार | कम्तीमा पाँच बर्षसम्म (१) जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक प्रभावहरुको न्यूनीकरण सम्बन्धी कार्यहरु (२) जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यहरु (३) जलवायू परिवर्तनका प्रभाव व्यवस्थापन सम्बन्धमा उल्लेखनीय अध्ययन, अनुसन्धान, प्रकाशन तथा प्रसारण र ज्ञानको अभिबृद्धि गरेको (४) जलवायु परिवर्तनमैत्री प्रविधिको विकास सम्बन्धी कार्यहरु, (५) न्यून कार्बन उत्सर्जनका कृयाकलाप सम्बन्धी कार्य मध्ये कुनै क्षेत्रमा काम गरेको संघ/संस्था/व्यक्ति/समुदायले सो सम्बन्धी कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ। |

उपरोक्त पुरस्कारको लागि उपयुक्त संघ/संस्था/व्यक्ति/समुदाय को नाम सिफारिस गरी यस मन्त्रालयमा पठाई सहयोग गरिदिनुहुन सम्बन्धित क्षेत्रमा काम गर्ने सरकारी तथा सामुदायिक निकायहरुलाई समेत यसै सूचना मार्फत आव्हान गरिन्छ।

## (क) वातावरण संरक्षण पुरस्कार, वातावरण संरक्षणमा महिला पुरस्कार, जलवायु परिवर्तन व्यवस्थापन पुरस्कार निवेदनको ढाँचा

### १. निवेदकको वैयक्तिक विवरण

(क) पुरस्कारको बिधा :

(ख) संस्था/समुदाय/व्यक्तिको पूरा नाम, ठेगाना :

(ग) संस्था दर्ता भएको कार्यालय :

दर्ता मिति :

नवीकरण मिति :

(घ) संस्था/व्यक्तिको छोटो परिचय :

(ङ) संस्थाको मुख्य उद्देश्य ( विधान बमोजिम )

(च) कार्यक्षेत्र :

(छ) पूर्व अनुभव :

### २. पुरस्कारको विधासंग सम्बन्धित विवरण

(क) कार्यक्रम सञ्चालन भएको स्थान :

(ख) कार्यक्रमको नाम :

(ग) कार्यक्रम सञ्चालनबाट पुऱ्याएको फाइदाहरु (वातावरणीय, आर्थिक र सामाजिक ) :

(घ) कार्यक्रमबाट लाभान्वित जनसंख्या :

(ङ) पिछडिएका जाति, वर्ग, समुदाय र महिला सशक्तिकरणमा पुऱ्याएको योगदान :

### ३. निवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु :

(क) संस्थाको विधानको प्रमाणित प्रतिलिपी, लेखापरीक्षण प्रतिवेदन,

(ख) नवीकरण र दर्ताको प्रतिलिपी ,

(ग) स्थानीय तहसँग सहकार्य सम्झौता गरेको भए सोको प्रतिलिपी,

(घ) प्रमाणपत्रको प्रतिलिपी

(ङ) व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि ।

## (ख) वातावरणमैत्री उद्योग पुरस्कार निवेदनको ढाँचा

### १. उद्योगको संक्षिप्त विवरण

(क) पुरस्कारको बिधा :

(ख) उद्योगको पूरा नाम, ठेगाना, सम्पर्क नं. (कर्पोरेट ठेगाना पनि उल्लेख गर्नुपर्ने) :

(ग) संचालकको पूरा नाम, ठेगाना, सम्पर्क नं. :

(घ) उद्योग स्थापना भएको मिति :

(ङ) उद्योगको मुख्य उद्देश्य ( विधान बमोजिम )

(च) उद्योगको उत्पादन क्षमता :

(छ) उद्योगले ओगटेको क्षेत्रफल :

(ज) उद्योगले उत्पादन गर्ने सामाग्रीहरु/दिने सेवाहरु :

### २. पुरस्कारको विधासंग सम्बन्धित विवरण

(क) उद्योगमा प्रयोग हुने उर्जाहरु :

(ख) उद्योगमा प्रयोग हुने फेसिलिटिहरु (जस्तै : फोहोरपानी प्रशोधन केन्द्र, ब्वाइलर, डिजी सेट, ओभन, भट्टी, Incinerator आदी), तीनको क्षमता र प्रयोगहुने उर्जा :

(ग) उद्योग सञ्चालनबाट पुऱ्याएको फाइदाहरु (वातावरणीय, आर्थिक र सामाजिक ) :

(घ) उद्योगले सिर्जना गरेको रोजगारी संख्या :

(ङ) पिछडिएका जाति, वर्ग, समुदाय र महिला सशक्तिकरणमा पुऱ्याएको योगदान :

### ३. निवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु :

(क) संस्थाको विधानको प्रमाणित प्रतिलिपी, लेखापरीक्षण प्रतिवेदन,

(ख) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी, भ्याट/प्यान दर्ता, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी नवीकरण र दर्ताको प्रतिलिपी ,

(ग) स्थानीय तह वा वातावरण विभागको सिफारिस पत्र,

(घ) ISO 14001प्राप्त गरेकोप्रमाणपत्रको प्रतिलिपि र सोको कार्यान्वयन स्थिति सम्बन्धी विवरण,

(ङ) वातावरणमा पर्ने/परेका असरहरु न्यूनीकरण गर्न अबलम्बन गरिएका विधिहरु,

(च) वातावरणीय पक्षको अनुगमनको अभिलेख र परीक्षण प्रतिवेदनको प्रमाणित विवरण,

(छ) सामाजिक उत्तरदायित्व ( वातावरण तथा अन्य क्षेत्रसंग सम्बन्धित ) सम्बन्धी कागजात,

(ज)उद्योग संचालन भएको मिति सम्बन्धी उद्योगको पत्र,

(झ) रोजगारी संख्या सम्बन्धमा सम्बन्धित श्रम कार्यालयको सिफारिस पत्र,

(ञ) पछिल्लो ५ वर्षमा वातावरण संरक्षण ऐन,२०५३ तथा नियमावली,२०५४ बमोजिम दण्ड / जरिवाना नगरिएकोस्वघोषणा पत्र ।

## (ग) उत्कृष्ट वातावरण पत्रकार पुरस्कार निवेदनको ढाँचा

### १. निवेदकको वैयक्तिक विवरण

(क) पुरस्कारको बिधा :

(ख) संस्था/समुदाय/व्यक्तिको पूरा नाम, ठेगाना :

(ग) संस्था दर्ता भएको कार्यालय :

दर्ता मिति :

नवीकरण मिति :

(घ) संस्था/व्यक्तिको छोटो परिचय :

(ङ) संस्थाको मुख्य उद्देश्य ( विधान बमोजिम )

(च) कार्यक्षेत्र :

(छ) पूर्व अनुभव :

### २. पुरस्कारको विधासंग सम्बन्धित विवरण

(क) विभिन्न संचार माध्यममा वन, जैविक विविधता, वातावरण र जलवायु परिवर्तन सम्बन्धी समाचार, लेख, रचना आदिबाट समाजमा पुऱ्याएको फाइदाहरु :

(ख) विषयसंग सम्बन्धीत समाचार, लेख, रचना, प्रकाशन, प्रस्तुतीबाट नीति निर्माण तहमा पुऱ्याएको योगदान :

(घ) विषयसंग सम्बन्धीत समाचार, लेख, रचना, प्रकाशन, प्रस्तुतीबाट लाभान्वित जनसंख्या :

(ङ) पिछडिएका जाति, वर्ग, समुदाय र महिला सशक्तिकरणमा पुऱ्याएको योगदान :

### ३. निवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु :

(क) संस्थाको विधानको प्रमाणित प्रतिलिपी, लेखापरीक्षण प्रतिवेदन,

(ख) संस्था नवीकरण र दर्ताको प्रतिलिपी ,

(ग) सूचना विभागद्वारा जारी परिचयपत्रको प्रमाणित प्रतिलिपि वा कानून वमोजिम दर्ता भएको पत्रकारिता सम्बन्धि संस्थाको सदस्यताको प्रतिलिपी,

(घ) विभिन्न समयमा विद्युतीय वा छापा संचार माध्यममा वन, जैविक विविधता, वातावरण र जलवायु परिवर्तन सम्बन्धी प्रकाशित वा प्रसारण भएका समाचार, लेख, रचनाको प्रतिलिपी,

(ङ) यस आर्थिक वर्षको लागि राष्ट्रिय वातावरण संरक्षण पुरस्कार वितरण सम्बन्धी सूचना प्रकाशन भएको मिति सम्मको एक वर्षे अवधिमा प्रकाशन भएको वन, जैविक विविधता, वातावरण र जलवायु परिवर्तन सम्बन्धी प्रकाशन, समाचार सम्प्रेषण, लेख, रचना, प्रस्तुती, रेडियो, एफ.एम्., टेलिभिजनमा भएको प्रसारणको प्रतिलिपि,

(च) व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि,